संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समिति

जलवायु परिवर्तनमा विशेष केन्द्रित हुँदै बालअधिकार र वातावरणबारे

# सामान्य टिप्पणी क्रमसङ्ख्या २६



बालबालिकाका लागि तयार गरिएको संस्करण
२०२३

Sweden Sverige

Save the Children

कन्सोर्टियम-नेपाल Consortium Nepal

DKA Austria Hilfswerk der Katholischen Jungschar

Yuwalaya



| | | |
|---|---|---|
| प्रकाशन सल्लाहकार | : | श्री दिल ऐर, सेभ द चिल्ड्रेन |
| | | श्री सन्तोष मर्हजन, कन्सोर्टियम नेपाल |
| सम्पादन सहयोग | : | श्री अञ्जु पोखरेल, युथ एलाइन्स फर इन्भाइरोमेन्ट |
| | | श्री गौरब के.सी. कन्सोर्टियम नेपाल |
| चित्र | : | श्री सुनिल थापा |
| प्रकाशक | : | कन्सोर्टियम-नेपाल, बानेश्वर, काठमाडौं । |
| प्रकाशन सहयोग | : | सेभ द चिल्ड्रेन र डि. के. ए अस्ट्रिया |
| प्रकाशन वर्ष | : | २०८० |
| डिजाइन तथा प्रिण्ट | : | बिकल्प मिडिया प्रा. लि. |

प्यारा बालबालिकाहरू,

नेपालमा बालसहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल) विगत २४ वर्षदेखि बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने उद्देश्यका साथ विभिन्न अभियानमार्फत् क्रियाशील रहँदै आएको राष्ट्रिय सञ्जाल हो । सञ्जालले परिवारको तहदेखि समाज हुँदै नीति निर्माण तहसम्म बालसहभागितालाई प्रवर्द्धन गर्न विभिन्न अभियान तथा पैरवी गर्दै आएको छ । बालसहभागिताको एउटा महत्वपूर्ण पक्ष भनेको तपाईंहरूसँग सम्बन्धित कुराको बारेमा तपाईंहरूले बुझ्ने भाषामा सुसूचित हुन पाउनु पनि हो ।

यस कुरालाई मनन गर्दै कन्सोर्टियम नेपाल र सेभ द चिल्ड्रेनको संयुक्त प्रयासमा तपाईंहरूजस्तै बालबालिकाका लागि यो पुस्तिका तयार पारिएको हो । अहिले तपाईंहरूको हातमा संयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिले तयार गरेको सामान्य टिप्पणी क्रमसङ्ख्या २६ रहेको छ, जसलाई तपाईंहरूले बुझ्ने भाषामा अनुवाद गरिएको छ । यस पुस्तिकामा बालअधिकार कसरी वातावरण र जलवायु परिवर्तनसँग सम्बन्धित छ र  तिनको संरक्षणका लागि सरकारले के गर्नुपर्दछ भनी व्याख्या गरिएको छ । यस पुस्तिकालाई तपाईं बालबालिकाहरूले स्थानीय तहमा पैरवी गर्नकालागि प्रयोग गर्न सक्नुहुन्छ ।

यस पुस्तिकालाई बालमैत्री बनाउनका लागि सुझाव दिई सहयोग गर्नुहुने सम्पूर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो पुस्तिकाको परिकल्पना गर्ने सेभ द चिल्ड्रेन तथा आर्थिक सहयोग गर्ने सिडा तथा डीकेए अस्ट्रियालाई म विशेष धन्यवाद दिन्छु ।

अन्त्यमा, यस पुस्तिका तयार गर्दा व्यवस्थापकीय र संयोजन गर्ने जिम्मेवारी सम्हाल्नुभएका सचिवालय प्रमुख गौरव केसीलाई पनि विशेष धन्यवाद दिन्छु । साथै, सचिवालयका सम्पूर्ण साथीहरू तथा कार्यसमितिका सम्पूर्ण साथीहरूलाई पनि विशेष धन्यवाद दिन्छु ।

धन्यवाद

सन्तोष महर्जन

अध्यक्ष



संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि बालअधिकारप्रति प्रतिबद्धता जनाउदै बालअधिकारको संरक्षण गर्न विभिन्न देशहरुले गरेको एक महत्त्वपूर्ण सहमति हो। यस महासन्धिमा बालबालिका को हुन्, उनीहरुका अधिकार केके छन् र तिनको संरक्षण, प्रवर्धन र परिपालनाका लागि सरकारहरुका जिम्मेवारी केके छन् भन्नेबारे व्याख्या गरिएको छ।

बालअधिकार समिति संसारभरिबाट जम्मा भएका १८ जना बालअधिकारसम्बन्धी विशेषज्ञहरुको एक समूह हो। महासन्धिमा हस्ताक्षर गर्ने हरेक देशमा बालअधिकारको प्रवर्धन र संरक्षण कसरी भइरहेको छ भनी छलफल गर्नका लागि यो समूहका सदस्यहरु हरेक तीन वर्षमा एक पटक स्विट्जरल्यन्डको जेनिभामा भेला हुन्छन्। बालअधिकारमा सुधारका लागि हरेक देशले के गर्नुपर्छ भनेर पनि यस समितिले सुझाव प्रदान गर्दछ।

बालअधिकार कसरी वातावरण र जलवायु परिवर्तनसँग सम्बन्धित छ अनि तिनको संरक्षणका लागि सरकारले के गर्नुपर्दछ भनी सरकारहरुलाई व्याख्या गर्नका लागि यस समितिले एउटा सामग्री तयार गरेको छ र त्यसलाई सामान्य टिप्पणी भनिएको छ। अहिले तपाईँले त्यही **सामान्य टिप्पणी**को बालबालिकाका लागि तयार गरिएको संस्करण पढ्दै हुनुहुन्छ। सामान्य टिप्पणी क्रमसङ्ख्या २६ तयार गर्न समितिलाई सहयोग गर्नका लागि बनाइएको विश्वव्यापी बाल सल्लाहकार टोलीका सदस्यहरुको सहयोगमा यो संस्करण तयार गरिएको हो।

# परिचय

वातावरणीय क्षति संसारभरि नै बालअधिकारका लागि एक उल्लेख्य जोखिम हो। यसबारे बालबालिकाले तत्काल कदम चाल्नुपर्ने माग गरिरहेका छन् र उनीहरूका अधिकारको संरक्षण हुनैपर्छ। सफा, स्वस्थ तथा दिगो वातावरण मानवअधिकार पनि हो र बालबालिकालाई आफ्ना अधिकार उपभोग गर्नका लागि पनि ती जरुरी छन्। यस सामान्य टिप्पणीले तत्कालै जलवायु तथा वातावरणसम्बन्धी कदम चाल्नु किन आवश्यक छ र बालबालिकाका **सबै** अधिकारको संरक्षणका लागि सरकारहरूले के गर्नुपर्छ भन्ने व्याख्या गरेको छ। आजका बालबालिकासँगै भविष्यका पुस्ताका बालबालिकाहरूको अधिकार संरक्षण गर्न सरकारहरूले के गर्नुपर्दछ भन्ने पनि यसले स्पष्ट गरेको छ।


आफ्ना वातावरणीय अधिकारका लागि अग्रसर हुने बालबालिकाका प्रयासहरूले यस समितिलाई यस सामान्य टिप्पणी विकास गर्न प्रोत्साहित गरेका हुन्। यस टिप्पणीलाई यस रूपमा विकास गर्नका लागि बालबालिकाले महत्वपूर्ण भूमिका खेलेका छन्। सामान्य टिप्पणी क्रमसङ्ख्या २६का लागि बाल सल्लाहकार टोलीका सदस्यहरूले योजना बनाएका परामर्श छलफलहरूमा **१२१ देशहरूका १६ हजार ३३३ बालबालिकाहरू**ले आफ्ना विचार तथा राय दिएका छन्। सामान्य टिप्पणीमा भएका बालबालिकाका भनाइहरू तिनै परामर्श छलफलबाट प्राप्त गरिएका हुन्।




सबै बालअधिकारहरू एकआपसमा जोडिएका र बराबर महत्वपूर्ण छन्। तर केही अधिकारहरू वातावरणीय क्षति र जलवायु परिवर्तनबाट विशेष जोखिममा परेका छन्। शिक्षाको अधिकारजस्ता केही अधिकारहरूले बालअधिकारको संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन्।

# धारा २:

## विभेदहीनताको अधिकार



जनजाति, अल्पसङ्ख्यक समूह, अपाङ्गता भएका बालबालिका तथा  विपद् एवं जलवायु परिवर्तनबाट बढी प्रभावित ठाउँका बालबालिका वातावरणीय क्षतिको बढी जोखिममा हुन्छन्। यी समूहहरूबीचमा रहेको  असमानताबारे थप जान्न सरकारहरूले सूचना सङ्कलन गर्नुपर्छ र तिनको समाधानका लागि विशिष्ट कदमहरु चाल्न आवश्यक छ । वातावरणीय सवालमा सरकारहरूले काम गर्दा बालबालिकामा नकारात्मक असर नपरोस् भनी थप हेरविचार गर्नुपर्दछ।

## आफ्नो सम्झनाका लागि

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

# धारा ३:

## बालबालिकाको सर्वोपरि हित



वातावरण तथा जलवायु परिवर्तनसँग सम्बन्धित विषयमा निर्णय निर्माण गर्दा बालबालिकामा कस्तो प्रभाव गर्दछ र आज हुर्किरहेका एवं भोलिको पुस्ताका बालबालिकाको सुस्वास्थ्य तथा विकासलाई कसरी सहयोग गर्दछ भन्ने कुराको विचार गर्नुपर्दछ।



यस्ता निर्णयको कार्यान्वयन गर्दा बालबालिकाको सर्वोपरि हितलाई सुनिश्चित गर्ने प्रक्रिया अपनाइनुपर्दछ। बालबालिकाबारेमा प्रस्तावित नीति, नियमकानुन, बजेट तथा अन्य प्रशासनिक निर्णयहरुको तर्जुमा तथा कार्वान्वयन गर्दा तिनले बालअधिकारमा पार्ने प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्ने विधिअनुरुप नै हुनुपर्दछ।

## आफ्नो सम्झनाका लागि

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।



# धारा ६:

## जीवन, बचाउ तथा विकासको अधिकार





जलवायु परिवर्तन, वातावरण प्रदूषण र जैविक विविधताको विनाशजस्ता वातावरणमा देखिएका समस्याले बालबालिकाको बाँच्न पाउने हक जोखिममा परेको छ। यी समस्याहरू गरिबी, असमानता र सामाजिक द्वन्द्वजस्ता अन्य चुनौतीसँग पनि गहन रूपमा जोडिएका छन्। बालबालिकाहरू स्वस्थ तथा सुरक्षित वातावरणमा बाँच्न, हुर्कन र विकसित हुन पाउनुपर्दछ र त्यसका लागि राज्यले आवश्यक सहयोग प्रदान गर्नुपर्दछ।

**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................



# धारा १२:

## सुनुवाइको अधिकार



बालबालिकाहरूलाई वातावरण एवं जलवायु परिवर्तनसँग सबन्धित सवालहरूमा आफ्ना विचारहरु राख्न दिइनुपर्दछ। वातावरण तथा जलवायु परिवर्तनबारे निर्णय गर्दा सरकारले बालबालिकालाई पनि सहभागी  गराउनुपर्दछ । उनीहरूका विचारले सबै तहमा हुने वातावरणसँग सम्बन्धित निर्णय प्रक्रियामा सान्दर्भिक दृष्टिकोण र अनुभव प्रदान गर्न सक्दछन्।



**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................



# धारा १३ र १५:

## अभिव्यक्ति, सङ्गठन तथा शान्तिपूर्ण भेलाको स्वतन्त्रताको अधिकार



मानवअधिकार रक्षकका रूपमा बालबालिकाहरू पनि आफ्ना वातावरणीय अधिकारका लागि अग्रसर हुनुपर्दछ। धेरै बालबालिकाहरू आफ्ना साथी र समूहसँग सूचना एवं विचार आदानप्रदान गर्दछन्। सरकारले बालबालिकाहरूलाई आफ्ना स्वतन्त्र विचार अभिव्यक्त गर्नका लागि सुरक्षित वातावरण निर्माण गर्नुपर्दछ । वातावरणीय दिगोपन एवं जलवायु न्यायमा बालबालिकाको सकारात्मक योगदानलाई राज्यले प्रवर्धन गर्नुपर्दछ।




**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।



# धारा १३ र १७:

## सूचनामा पहुँच





वातावरण तथा जलवायुसँग सम्बन्धित योजना तथा निर्णयका विषयमा स्पष्ट तथा सही सूचनासम्म बालबालिकाको पहुँच छ भनी सरकारले सुनिश्चित गर्नुपर्दछ। फरकफरक उमेर तथा पृष्ठभूमिका बालबालिकाले बुझ्न सकून् भनी फरकफरक माध्यममा त्यस्ता सूचना उपलब्ध गराइनुपर्दछ।


**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।



# धारा १९:

## सबै स्वरूपका हिंसाबाट मुक्त हुने अधिकार



वातावरणीय क्षति तथा जलवायु परिवर्तनले अस्थिर अवस्था, द्वन्द्व र असमानता सिर्जना हुन सक्छ जसले गर्दा बालबालिकाहरूमा  शारीरिक तथा मनोवैज्ञानिक हिंसाको जोखिम हुन सक्दछ । बालबालिकाका लागि सेवाहरूमा थप लगानी गरी तथा हिंसाका मूल कारणहरूको समाधानका लागि काम गरी सरकारहरूले बालबालिकाको संरक्षणका लागि थप प्रयास गर्नुपर्दछ।

**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।

............................................................

............................................................

............................................................


............................................................

............................................................

............................................................

# धारा २४:

## स्वास्थ्यको अधिकार





जलवायु परिवर्तन, प्रदूषण, अस्वस्थ पारिस्थितिक प्रणाली (ecosystem) र जैविक विविधताको हानिबाट बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य प्रभावित हुन दिनुहुँदैन। कुनै बालबालिकाले स्वास्थ्यसम्बन्धी समस्या भोगेमा उनीहरूले स्वास्थ्य उपचार तथा सहयोगमा पहुँच पाउन सक्ने हुनुपर्दछ।

राज्यले स्वास्थ्य तथा वातावरणसम्बन्धी राष्ट्रिय योजना, नीति एवं रणनीतिमा बालबालिकाको वातावरणीय स्वास्थ्यसँग सम्बन्धित सवालको सम्बोधन गर्ने उपाय पनि समेट्नुपर्दछ।

### आफ्नो सम्झनाका लागि

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................


.............................................................................................................

.............................................................................................................



# धारा २६ र २८:

## सामाजिक सुरक्षा र मर्यादित जीवनस्तरको अधिकार



बालबालिकाहरू सुरक्षित खाना, सफा पानी, मर्यादित आवास र आफू बाँच्न तथा हुर्कन आवश्यक पर्ने सामग्रीको पहुँचमा सक्षम हुनुपर्दछ। सरकारले बालबालिकाहरू गरिबी तथा असुरक्षित अवस्थामा बसेका छैनन् भनी सुनिश्चित गर्नुपर्दछ।


राज्यले सामाजिक सुरक्षासम्बन्धी नीति तथा व्यवस्थामा जलवायु परिवर्तनका कारण हुने वातावरणीय असरबाट बालबालिका एवं उनीहरूका परिवारलाई जोगाउनका लागि उपयुक्त उपाय समावेश गर्नुपर्छ । उच्चतम वातावरणीय जोखिममा रहेका क्षेत्रहरूमा बालबालिका केन्द्रित गरिबी निवारण कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ।

**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।

# धारा २८ र २९:

## शिक्षाको अधिकार




बालबालिकाले बुझ्ने माध्यममा सही वातावरणीय शिक्षा दिइनुपर्दछ। वातावरणीय शिक्षा बालबालिकालाई वातावरणसँग जोडिन र यसको सम्मान गर्न सहयोग पुऱ्याउने खालको हुनुपर्दछ। बालबालिकाले सिक्ने ठाउँ वातावरणीय हानिबाट सुरक्षित हुनुपर्दछ। प्रभावकारी सिकाइका लागि राज्यले सुरक्षित, स्वस्थ तथा जलवायु परिवर्तन सामना गर्न सक्षम पूर्वाधार निर्माण गर्नुपर्दछ। राज्यले वातावरणीय क्षतिले बालबालिकाका शिक्षामा पार्ने व्यापक अप्रत्यक्ष असरलाई पहिचान तथा सम्बोधन गर्नुपर्दछ।

**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।

# धारा ३०:

## जनजाति बालबालिका तथा अल्पसङ्ख्यक समूहका बालबालिकाको अधिकार



जनजाति तथा अल्पसङ्ख्यक समूहका बालबालिकाको जीवनशैली तथा सांस्कृतिक क्रियाकलापहरू प्रायजसो प्राकृतिक वातावरणसँग अत्यन्त नजिकैबाट जोडिएका हुन्छन्। सरकारले उनीहरूको अधिकार संरक्षण गरिएको तथा वातावरणबारे गरिने सबै निर्णयमा जनजाति बालबालिका तथा अल्पसङ्ख्यक समूहका बालबालिकालाई संलग्न गराइएको सुनिश्चित गर्नुपर्दछ।



**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।



# धारा ३१:

## विश्राम तथा खेलको अधिकार





बालबालिकाहरू सफा र सुरक्षित ठाउँमा खेल्न र सक्रिय हुन एवं प्राकृतिक वातावरणसँग जोडिन सक्षम हुनुपर्दछ। नयाँ बस्ती तथा बालबालिका जान सक्ने कुनै ठाउँको योजना बनाउँदा बालबालिकाहरू कहाँ र कसरी खेल्न तथा विश्राम गर्न सक्छन् भन्ने विषयमा पनि सरकारले ध्यान दिनु आवश्यक छ।

### आफ्नो सम्झनाका लागि

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।



# सफा, स्वस्थ र दिगो वातावरणको अधिकार





यस समिति बालबालिकाहरूसँग सफा, स्वस्थ तथा दिगो वातावरणको अधिकार रहेको तथ्य व्याख्या गर्दछ। आफ्ना सबै अधिकार उपभोग गर्नका लागि बालबालिकालाई सफा वातावरण चाहिन्छ। बालबालिकालाई सफा हावा तथा पानी, सुरक्षित जलवायु, स्वस्थ पारिस्थितिक प्रणाली, जैविक विविधता, स्वस्थ खाना र अप्रदूषित वातावरणसम्मको पहुँच हुनुपर्दछ।

**आफ्नो सम्झनाका लागि**

तपाईंलाई यस विषयमा काम गर्न मन भए खाली ठाउँमा तपाईंको विचार लेख्नुहोस् ।





सफा, स्वस्थ र दिगो वातावरणलगायत बालबालिकाका अधिकारहरूको संरक्षणका लागि सरकारहरूले के गर्नुपर्दछ?

- हरेक बालबालिका सफा, स्वस्थ तथा दिगो वातावरणमा हुर्कने सुनिश्चित गर्नका लागि सबल तथा ठोस कदम चाल्दै तथा त्यसका लागि वाचा गर्दै बालबालिकाका अधिकारको **सम्मान, संरक्षण तथा परिपालना** गर्ने

- वातावरणबारे आफ्ना निर्णयहरूले विशेषत: सबै उमेर र पृष्ठभूमिका बालबालिकालाई फरकफरक तरिकाले कस्तो प्रभाव पार्दछन् (र पारिरहेका छन् ) भन्ने बुझ्न (र समाधान गर्न)का लागि नियमित **बालअधिकार प्रभाव मूल्याङ्कन** गर्ने

- वातावरणलाई प्रदूषित बनाउन र बालबालिकालाई हानि पुऱ्याउनबाट कम्पनीहरूलाई रोक्नका लागि कानुन, नियम तथा नीति बनाएर अनि व्यवसायहरूले आफ्ना गतिविधिले वातावरणमा पारेको प्रभाव लुकाएका छैनन् भनी निश्चित गरेर **व्यावसायिक क्षेत्र**ले पनि बालअधिकारको सम्मान गर्ने सुनिश्चित गर्ने

- आफूले भोगेका हानि तथा परिणामको समाधान, त्यसका लागि सहयोग तथा क्षतिपूर्तिका लागि राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा व्यवस्था रहेको तथा बालबालिकाको **न्यायमा पहुँच**का लागि बालबालिकाले सहयोग प्राप्त गरेको सुनिश्चित गर्ने

- वातावरणीय समस्या देशको सीमामा सीमित नहुने हुनाले अन्य सरकारहरूसँग **अन्तर्राष्ट्रिय स्तरमा सहकार्य** गर्ने। वातावरणमा नकारात्मक प्रभाव पार्न सबैभन्दा बढी जिम्मेवार तथा सबैभन्दा बढी स्रोतसाधन भएका देशहरूले अन्य देशहरूको भन्दा धेरै काम गर्नुपर्दछ र सबैभन्दा बढी प्रभाव पारेका देशहरूलाई सहयोग गर्नुपर्दछ।

**जलवायु परिवर्तन**बारे गरिएका सबै निर्णयहरूमा सरकारहरूले बालअधिकारमा ध्यान दिनुपर्दछ र बालबालिकाबारे गरिने सबै निर्णयहरूमा जलवायु परिवर्तनबारे ध्यान दिनुपर्दछ।

**उनीहरूले तलका कामहरू गर्नुपर्दछ :**

- जलवायु परिवर्तनको प्रभाव **न्यूनीकरण** : पृथ्वीको तापक्रम वृद्धिलाई सीमित गर्ने वाचाको परिपालना, जलवायु परिवर्तनबारे वैज्ञानिकका सुझावहरूको कार्यान्वयन र तत्काल गर्नुपर्ने कामको परिपालना

- **अनुकूलन** योजना, निर्णय तथा समाधानको विकासमा बालबालिकाको संलग्नता एवं पहिल्यैदेखि जलवायु परिवर्तनको असर भोगिरहेका बालबालिकाको संरक्षण : आँधीहुरी, बाढी तथा मौसमका अन्य चरम अवस्थाबाट बच्ने गरी विद्यालय भवन तथा पानीका पाइपको संरक्षण र सङ्कटकालीन अवस्थामा खाद्यान्न आपूर्ति

- बालअधिकारमा असर पुग्ने गरी **हानिहोक्सानि** भोगेका देशहरूलाई आर्थिक तथा प्राविधिक सहायता

- **व्यवसाय**हरूले आफ्ना गतिविधिबाट हुने कार्बन उत्सर्जनलाई तीव्र गतिमा कमी ल्याएका छन् र नवीकरणीय ऊर्जालाई प्रवर्धन गरेका छन् भन्ने निश्चित गरी एकभन्दा बढी देशमा कार्यरत विश्वव्यापी व्यवसायलगायत व्यवसायहरूले बालबालिकाको अधिकारलाई नकारात्मक असर नपारेको सुनिश्चितता

- बालबालिकाका अधिकार हनन गर्न सक्ने कामलाई **जलवायु वित्त**ले सहयोग गर्दैन भन्ने सुनिश्चितता

"बालसहभागिताः संविधानदेखि व्यवहारसम्म"

कन्सोर्टियम-नेपाल

**Consortium Nepal**


बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम नेपाल)

नयाँ बानेश्वर, काठमाडौं ।

फोन नं.: ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com

वेवसाइट: http//www.consortium.org.np

सचिवालय: एन.ए.सी.जी नेपाल (NACG Nepal)